# डोटी जिल्लाको जनसांख्यिक अवस्था

*दान बहादुर बिष्ट*
*शिक्षण सहायक*
*डोटी बहुमुखी क्याम्पस*
*सिलगढी, डोटी*

*सारसंक्षेप*

*प्रस्तुत लेखमा डोटी जिल्लाको जनसांख्यिक अवस्थाको वारेमा विभिन्न जनसाख्यिक सूचकहरूको व्याख्या विश्लेषण गरिएको छ । यस लेखमा डोटी जिल्लाको भौगोलिक अवस्था ,जनसंख्याको आकार, वृद्धिदर, संरचना, बनोट,वितरण र जनघनत्व सम्बन्धी तथ्यांकहरू संग्रह गरेर जनसंख्याको विश्लेषण गरिएको छ । संघीय संरचनाअनुसार डोटी जिल्लाको स्थानीय निकायहरूका आधारमा जनसंख्याको आकार, संरचना, वितरण र जनघनत्व सम्बन्धी तथ्यांकीय विश्लेषण गरिएको छ । यसका साथै यस लेखमा डोटी जिल्लाको वैवाहिक अवस्था , आश्रित जनसंख्या, अशक्त जनसंख्याको प्रकार, आर्थिक हिसावले सक्रिय जनसंख्या , व्यक्तिगत घटना दर्ता प्रणाली र बसाइसराइको अवस्था सम्बन्धी उपलब्ध तथ्यांकको आधारमा विश्लेषण गरिएको छ । डोटी जिल्लाको जनसंख्याको आकार, वृद्धिदर, संरचना, बनोट ,वितरण जनघनत्व सम्बन्धी तथ्यांकीय विश्लेषण गरी समग्र डोटी जिल्लाको जनसंख्याको अवस्थावारे जानकारी गराई जिल्लाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र लैङ्गिकता सम्बन्धी विभिन्न योजना तर्जुमा, नीतिनिमार्ण गर्ने कार्यमा आंशिक रुपमा भएपनि सहयोग पुऱ्याउनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यो लेख तथ्यांकको द्वितीय स्रोतमा आधारित रहेको छ । यस लेखमा विभिन्न तालिकाहरू, क्रस तालिका, वृत्तचित्र,स्तम्भचित्र, रेखाचित्रहरू प्रयोग गरी तथ्यांकहरूको व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।*

## १.१ डोटी जिल्लाको परिचय

डोटी जिल्ला नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी क्षेत्रमा अवस्थित एक भौगोलिक, सामाजिक र सांस्कृतिक विविधताले परिपूर्ण रहेको र प्राकृतिक सम्पदाले भरिएको एक सुन्दर र मनोरम पहाडी जिल्ला हो । संघीय संरचना अनुसार यो जिल्ला प्रदेश नं. ७ अर्न्तगत पर्दछ । यस जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा ९ वटा स्थानीय तह रहेका छन् । यस जिल्लाले देशको कुल भूभागको १.३७ प्रतिशत (२०२५ वर्ग कि.मी) भूभाग ओगटेको छ । यस जिल्लाको भौगोलिक अवस्थिति २८° ५४' उत्तरदेखि २९° २८' उत्तरी अक्षांशसम्म र ८०° ३०' पूर्वदेखि ८१° १४' पूर्व देशान्तरसम्म रहेको छ । यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ र बाजुरा तथा दक्षिणमा कैलाली जिल्ला रहेका छन् । डोटी जिल्लामा कुल घरधुरी संख्या ४१,४४० रहेको छ भने जिल्लाको कुल जनसंख्या २११,७४६ रहेको छ जुन नेपालको कुल जनसंख्याको ०.७९ प्रतिशत हुन आउँछ । यस जिल्लामा विशेष गरी क्षेत्री जाति ५२.७५ प्रतिशत, दलित १९.४९ प्रतिशत, व्राह्मण ९.१८ प्रतिशत र बाँकी १८.५७ प्रतिशत जनजातिको बसोबास रहेको छ । समुन्द्र सतहबाट ६०० देखि ४००० मिटरको उचाइभित्र रहेको डोटी जिल्लामा हिमाली,पहाडी एवम् तराई क्षेत्रको वातावरण र परिवेश प्रस्ट देख्न र अनुभव गर्न सकिन्छ । त्यसैले यस जिल्लाको तापक्रम न्यूनतम ०.२ डिग्रीदेखि अधिकतम ४४ डिग्री सेल्सियससम्म रहेको देखिन्छ । मानव विकास सूचकांकमा देशको ६० औं स्थानमा (०.४०२) रहेको यस जिल्लामा ८०.२ प्रतिशत जनता कृषि पेशामा आश्रित

रहेका छन् भने साक्षरता प्रतिशत ५६.४ रहेको देखिन्छ ,४३.६ प्रतिशत जनसंख्या अझै पनि निरक्षर रहेको छ (CBS २०६८) । मध्यकालीन नेपालको इतिहासमा डोटी एक प्रमुख र शक्तिशाली राज्यको रुपमा देखापरेको पाइन्छ । प्राचीनकालदेखिनै यस क्षेत्रकै प्रशासनिक एवम् व्यापारिक केन्द्रको रुपमा रहिआएको सिलगढी यस जिल्लाको सदरमुकाम रहेको छ । यस जिल्लाअर्न्तगत हाल सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल रहेको छ । प्राचीन डोटी राज्यको डोटी गौणा, सेती नदी, खप्तड, शैलेश्वरी भगवतीको मन्दिर, जोरायल क्षेत्र, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल आदि डोटी जिल्लालाई देशभित्र तथा देशवाहिर चिनाउने चिनारीका रुपमा रहेका छन् । भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले मनोरम एवम् सेती नदी र पर्यटकीय क्षेत्र खप्तडको काखमा रहेको डोटी जिल्ला प्राकृतिक संसाधनहरुमा धनी भएकाले भविष्यमा यस जिल्लामा विकासका प्रचुर सम्भावनाहरु रहेको देखिन्छ ।

## १.२ डोटी जिल्लाको जनसांख्यिक अवस्था

जनसंख्या सम्वन्धि तथ्यांकको मुख्य आधारभुत स्रोत जनगणना हो । नेपालमा जनगणना लिने कामको थालनी सन् १९११ ( वि.स २०६८ ) देखि नै भएको थियो । सन् १९११ देखि सन् १९४१ सम्म सञ्चालन गरिएका जनगणनाहरु सामान्य व्यक्तिगणना ( Head count ) मा मात्र सीमित रहेका थिए । सन् १९५२ –०५४ को जनगणना नेपालको आधुनिक तवरले लिइएको पहिलो वैज्ञानिक जनगणना मानिन्छ । यसपछि सञ्चालन गरिएका जनगणनाहरु मात्र अन्तराष्ट्रिय स्तरमा तुलनीय वैज्ञानिक जनगणना मानिन्छन् । हालसम्म नेपालमा ११ वटा जनगणनाहरु भइसकेका छन् । सन् २०११ (वि.स. २०६८) सञ्चालित सबै भन्दा पछिल्लो जनगणना नेपालको एघारौं जनगणना हो । पछिल्लो जनगणना अनुसार नेपालको कुल जनसंख्या २६४,९४,५०४ रहेको छ भने जनसंख्याको औसत वार्षिक बृद्धिदर १.३५ प्रतिशत रहेको देखिन्छ ।

डोटी जिल्लाको जनसांख्यिक अवस्था अध्ययन गर्न वि.स २०४८, ०५८ र २०६८ सालको जनगणनाबाट प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्न सकिन्छ जुन तालिका १ मा प्रस्तुत गरिएको छ । यस तालिकामा जनसंख्याको आकार , औसत वार्षिक जनसंख्या वृद्धिदर , औसत परिवारको आकार , घरधुरी संख्या , जनघनत्व , लैंगिक अनुपात र शहरी जनसंख्या सम्बन्धी तथ्यांकहरु प्रस्तुत गरी जनसंख्याको स्थितिबारे अध्ययन गरिएको छ ।

**तालिका १: विभिन्न जनगणना वर्षहरुमा डोटी जिल्लाको जनसंख्या**

| विवरण | जनगणना वर्ष (वि. सं.) | | |
|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ |
| कुल जनसंख्या | १,६७,१६८ | २,०७,०६६ | २,११,७४६ |
| औसत वार्षिक जनसंख्या वृद्धिदर | ०.८८ | २.१४ | ०.२२ |
| जनघनत्व (प्रतिवर्ग कि. मि.) | ८२.६ | १०२ | १०५ |
| घरपरिवार संख्या | ३१,५५७ | ३६,४६५ | ४१,४४० |
| औसत परिवारको आकार | ५.३ | ५.७ | ५.१ |
| लैंगिक अनुपात | ९३.७ | ९९.९८ | ८४.९ |

| | | | |
|---|---|---|---|
| देशको कुल जनसंख्यामा जिल्लाको अंश | ०.८ % | ०.८९ % | ०.७९ % |
| शहरी जनसंख्या | ७.४ % | १०.६५ % | १२.५ % |

स्रोत : राष्ट्रिय जनगणना., २०६८ के. त. वि

वि.स. २०४८ देखि वि.स. २०६८ सम्मको जनगणना तथ्यांकअनुसार डोटी जिल्लाको जनसंख्याको आकार वि.स. २०४८ मा १,६७,१६८, २०५८ मा २,०७,०६६ र २०६८ मा २,११,७४६ रहेको छ भने औसत वार्षिक जनसंख्या वृद्धिदर वि.स २०४८ मा ०.९ प्रतिशत , वि.स ०५८ मा २.१४ र ०५८ मा घटेर ०.२२ हुन पुगेको छ । त्यसै गरी घरधुरी संख्या वि.स. २०४८ मा ३१,५५७ , वि.स. ०५८ मा ३६,४६५ र वि.स. ०६८ मा ४१,४४० हुन पुगेको छ भने परिवारको औसत आकार ०४८ मा ५.३ , वि.स ०५८ मा ५.७ र वि.स २०६८ मा ५.१ हुन आएको छ । यसैगरी लैगिंक अनुपात क्रमश ९३.७, ९९.९८ र ८४.९ वि.स २०४८, ०५८ र ०६८ हुन पुगेको छ । जिल्लाको जनघनत्व २०४८ सालमा ८२.६ , २०५८ मा १०२ र वि.स २०६८ मा १०५ प्रति वर्ग कि.मी हुन पुगेको छ । वि.स २०६८ जनगणनाअनुसार देशको कूल जनसंख्यामा जिल्लाको अंश ०.७९ प्रतिशत हुन आएको छ । जिल्लाको शहरी जनसंख्या वि.स २०४८ मा ७.४ प्रतिशत , ०५८ मा १०.६५ प्रतिशत र वि.स २०६८ मा १२.५ प्रतिशत हुन पुगेको छ ।

### १.२.१ गा.वि.स.अनुसारको कुल जनसंख्या र घरधुरी संख्या

डोटी जिल्लामा संघीय संरचना लागु हुनुभन्दा अगाडि कुल १ नगरपालिका र ५० वटा गाउँ विकास समितिहरु रहेका थिए । वि.स २०६८ सालको जनगणनाअनुसार प्रत्येक गाविसको कुल जनसंख्या, घरपरिवार संख्या , परिवारको औसत आकार र लिंग अनुपात (पुरुष प्रति सय महिलामा ) को विवरण तालिका २ मा प्रस्तुत गरिएको छ जसले गर्दा हालका स्थानीय तहहरुको जनसंख्याको आकारबारे विश्लेषण , आकलन र अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

**तालिका २ : गा.वि.स.अनुसारको कूल जनसंख्या र घरधुरी संख्या**

| क्र.सं. | गा.वि.स. | जम्मा घरधुरी | जम्मा जनसंख्या | परिवारको औषत आकार | लिङ्ग अनुपात (पुरुष प्रति १०० महिलामा) |
|---|---|---|---|---|---|
| | जम्मा | ४१,४४० | २११,७४६ | ५.११ | ८४.९४ |
| १ | बाभ्कककानी | ७९८ | ४,१६२ | ५.२२ | ७१.८४ |
| २ | वनलेक | १,०३७ | ४,८९५ | ४.७२ | ७०.२६ |
| ३ | वर्छेन | ९५० | ५,७४३ | ६.०५ | ९६.८८ |
| ४ | बासुदेवी | ७०६ | ३,३४४ | ४.७४ | ७२.९१ |
| ५ | भूमिराजमाण्डौं | ९११ | ४,८५७ | ५.३३ | ८५.९५ |
| ६ | चमराचौतारा | ५२६ | २,८९६ | ५.५१ | ८६.२४ |
| ७ | छपाली | ६२३ | ३,२४४ | ५.२१ | ७८.०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | छतिवन | ७४२ | ४,००१ | ५.३९ | ९९.१५ |
| ९ | दहकालिकास्थान | ४४७ | २,३७४ | ५.३१ | ७४.९४ |
| १० | डौड | १,१७३ | ६,११७ | ५.२१ | ७९.४९ |
| ११ | घांघल | ६७५ | ३,९८० | ५.९ | ९६.२५ |
| १२ | धिर्कामाण्डौं | ३२४ | १,८९० | ५.८३ | ९०.७२ |
| १३ | दि.सि.न.पा. | ५,४९३ | २३,४१६ | ४.२६ | ८५.२२ |
| १४ | दुर्गामाण्डौं | ८५८ | ३,९४२ | ४.५९ | ७३.१२ |
| १५ | गडसेरा | ५३८ | २,९७५ | ५.५३ | ९०.३४ |
| १६ | गगुडा | ५८४ | ३,०५८ | ५.२४ | ८४.५५ |
| १७ | गैरागाउँ | ७२५ | ३,३७७ | ४.६६ | ७३.५४ |
| १८ | गाँजरी | ५०४ | २,३९० | ४.७४ | ७७.०४ |
| १९ | घण्टेश्वर | ५०७ | २,७३६ | ५.४ | ९५.७१ |
| २० | गिरिचौका | ७८४ | ४,०४० | ५.१५ | ७७.३५ |
| २१ | जिजोडामाण्डौं | ३९३ | १,९५३ | ४.९७ | ७५.४७ |
| २२ | काडामाण्डौं | ८६० | ३,७८८ | ४.४ | ७१.८७ |
| २३ | कलेना | ५४२ | २,७२९ | ५.०४ | ८६.१५ |
| २४ | कालिकास्थान | १,०६७ | ५,१२१ | ४.८ | ७१.५ |
| २५ | कानाचौर | ३७४ | २,०८६ | ५.५८ | ८७.२५ |
| २६ | कपल्लेकी | ७५३ | ३,८४५ | ५.११ | ७३.८२ |
| २७ | केदारअखाडा | २९२ | १,८३९ | ६.३ | ८९.९८ |
| २८ | खातिवडा | १,२०७ | ५,८१२ | ४.८२ | ७७.४७ |
| २९ | खिरसैन | ६३० | २,८३६ | ४.५ | ७२.६१ |
| ३० | लडागडा | ८७१ | ४,१६९ | ४.७९ | ७९.३९ |
| ३१ | लामीखाल | ८५३ | ४,२९४ | ५.०३ | ७५.१२ |
| ३२ | लानाकेदारेश्वर | ५६६ | ३,४९१ | ६.१७ | ९५.४६ |
| ३३ | लाटामाण्डौं | १,१०४ | ५,०२८ | ४.५५ | ७५.५६ |
| ३४ | लक्ष्मीनगर | ९११ | ४,८४६ | ५.३२ | ९४.७७ |
| ३५ | महादेवस्थान | ७९८ | ३,९५४ | ४.९५ | ७२.८९ |
| ३६ | मन्नाकापडी | ५२८ | ३,५०६ | ६.६४ | ९५.५४ |
| ३७ | मुडभरा | ९७० | ४,७५८ | ४.९१ | ७४.२९ |
| ३८ | मुडेगाउँ | ४६२ | २,३६७ | ५.१२ | ७३.६६ |
| ३९ | निरौली | ५२८ | ३,०३७ | ५.७५ | ९८.५ |
| ४० | पचनाली | ६४७ | ३,००१ | ४.६४ | ६६.९१ |
| ४१ | पोखरी | ८७२ | ४,२५२ | ४.८८ | ७९.११ |
| ४२ | रानागाउँ | ५९६ | २,८९० | ४.८५ | ६८.२२ |
| ४३ | सानागाउँ | ५५८ | २,४६७ | ४.४२ | ७८.५१ |
| ४४ | सरस्वतीनगर | ५८२ | ३,२२९ | ५.५५ | ९२.२ |
| ४५ | सातफेरी | ५१६ | २,९६१ | ५.७४ | ९२.६५ |
| ४६ | सिमचौर | ५१४ | ३,१७२ | ६.१७ | ९८.२५ |
| ४७ | तिजाली | ४४१ | २,१३४ | ४.८४ | ७७.२४ |
| ४८ | तिखातर | १,१८ | ५,८७० | ४.९४ | ७४.२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | तोलेनी | १,१५४ | ६,१७७ | ५.३५ | ८९.५९ |
| ५० | वगलेक | ८४३ | ४,२०१ | ४.९८ | ८१.७८ |
| ५१ | वारपाटा | ८५८ | ३,८२० | ४.४५ | ७१.९२ |
| ५२ | संस्थागत | ५७ | ४,६७६ | – | – |

स्रोतः .जनगणना २०६८
,के.त.वि

उपरोक्त तालिकाबाट डोटी जिल्लाका गाविसहरुको जनसंख्याको आकारलाई विश्लेषण गर्दा जनसंख्याको आकार बढी र कम भएका पाँच गाविसहरुको जनसंख्या निम्न बमोजिम रहेको देखिन्छ ।

| क्र.सं | जनसंख्या बढी भएका गा.वि.स. | जनसंख्या | जनसंख्या कम भएका गा.वि.स. | जनसंख्या |
|---|---|---|---|---|
| १ | तोलेनी | ६,१७७ | केदारअखडा | १,८३९ |
| २ | डौड | ६,११७ | धिर्कामाण्डौं | १,८९० |
| ३ | तिखातर | ५,८७० | जिजोडामाण्डौं | १,९५३ |
| ४ | खातिवडा | ५,८१२ | कानाचौर | २,०८६ |
| ५ | वर्छेन् | ५,७४३ | तिजाली | २,१३४ |

## १.२.२ नेपाल र डोटीको जनसंख्याको तुलना

**तालिका ३: नेपाल र डोटीको जनसंख्याको तुलना**

| सूचकहरू | नेपाल | डोटी |
|---|---|---|
| औषत परिवार संख्या | ४.८८ (५४,२७,३०२ घरधुरी) | ५.११ (४१,४४० घरधुरी) |
| वार्षिक जनसंख्या बृद्धिदर | १.३५ | ०.२२ |
| अपाङ्गता भएको जनसंख्या | १.९४% | ३.४४% |
| जनघनत्व (जना प्रति व.कि.मि.) | १८० | १०५ |
| जम्मा अनुपस्थित जनसंख्या<br>महिला :<br>पुरुष : | १९,२१,४९४ (७.२५%)<br>२,३७,४००<br>१६,८४,०२९ | २३,५४४ (११.११%)<br>२,६८४<br>२०,८६० |
| १० वर्षदेखि १९ वर्षसम्मको जनसंख्या<br>महिला :<br>पुरुष : | ६४,०७,४०४ (२४.१८%)<br>३१,९९,५८३ (५०.०६%<br>३२,०७,८२१ (४९.९४) | ५१,१९९ (२४.१८%)<br>२६,८६१ (५२%)<br>२४,३३८ (४८%) |
| ६० वर्षभन्दा माथिको जम्मा जनसंख्या | २१,५४,४१० (८.१३%) | १६,०७० (७.६%) |

### १.२.३ लिङ्ग र ५ वर्ष उमेर समूह अनुसार जनसंख्याको बनोट

विभिन्न उमेर समूहमा जनसंख्याको वितरणलाई उमेर बनोट भनिन्छ । उमेर बनोटको अध्ययनबाट कुनैपनि जिल्लाको जनसंख्यामा कति केटाकेटीहरु छन् , आर्थिक दृष्टिले सक्रिय जनसंख्या कति छ र कति जेष्ठ नागरिक छन् भन्ने तथ्यको जानकारी प्राप्त गर्न सकिन्छ । त्यसैगरी यसबाट सन्तानोत्पादनशील उमेरका महिलाहरुको संख्या पत्ता लगाउँन, जनसंख्या वृद्धिदर अनुमान गर्न, भविष्यमा हुने जनसंख्यावृद्धिको पूर्वानुमान गर्न र देशको जनसंख्याको आकार बढ्दो या घट्दो के छ पहिचान गर्न सकिन्छ । त्यसैगरी लिंग जनसंख्याको जैविक विशेषता हो जसले सम्पूर्ण जनसंख्यालाई पुरुष र महिला गरी दुई समूहमा विभाजन गर्दछ । कुनैपनि ठाउँको जनसंख्याको लिंगबनोटले जीवनस्तरलाई प्रभाव पार्दछ भने सामाजिक आर्थिक तत्वले लिंग बनोटलाई प्रभाव पारेको हुन्छ । प्रायजसो जनसंख्याको उमेरबनोटलाई पाँचवर्ष उमेरसमूहको आधारमा विश्वव्यापीरुपमा विश्लेषण गरेको पाइन्छ । तालिका ४ मा डोटी जिल्लाको लिंग र पाँचवर्ष उमेरसमूहअनुसार जनसंख्याको बनोट प्रस्तुत गरिएको छ ।


**तालिका ४: लिङ्ग र ५ वर्ष उमेर समूह अनुसार जनसंख्याको बनोट**

| उमेर समूह वर्ष | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| ००–०४ | १५५७९ | १५०२३ | ३०६०२ | १४.५ |
| ०५–०९ | १५७०१ | १५३६९ | ३१०७० | १४.७ |
| १०–१४ | १५०५३ | १५१७० | ३०२२३ | १४.३ |
| १५–१९ | ९२८५ | ११६९१ | २०९७६ | ९.९ |
| २०–२४ | ७०४६ | ९९९८ | १७०४४ | ८.० |
| २५–२९ | ६०३८ | ८२३८ | १४२७६ | ६.७ |
| ३०–३४ | ४७०८ | ६९०३ | ११६११ | ५.५ |
| ३५–३९ | ४४०३ | ६१९३ | १०५९६ | ५.० |
| ४०–४४ | ३७५३ | ५१६७ | ८९२०३ | ४.२ |
| ४५–४९ | ३३१३ | ४२३९ | ७५५२ | ३.६ |
| ५०–५४ | ३०८२ | ३७९७ | ६८७९ | ३.२ |
| ५५–५९ | २७६३ | ३१६४ | ५९२७ | २.८ |
| ६०–६४ | २४५३ | ३८२२ | ६२७५ | ३.० |
| ६५–६९ | १८०८ | २५६४ | ४३७२ | २.१ |
| ७०–७४ | १२२१ | १६२३ | २८४४ | १.३ |
| ७५+ | १०४६ | १५३३ | २५७९ | १.२ |
| कूल जनसंख्या | ९७२५२ (६४.५) | ११४४९४ ( ५४.५) | २११७४६ | १०० |

श्रोत : राष्ट्रिय जनगणना २०६८

सन् २०११ को जनगणना अनुसार डोटी जिल्लाको जनसंख्यालाई पाँचवर्ष उमेरसमूहको आधारमा वर्गीकरण गर्दा ०–४ वर्ष उमेरका बालबालिकाको संख्या १४.५ प्रतिशत रहेका छन् भने संख्यात्मक रुपमा १५,५७९ बालक र १५,०२३ बालिका रहेका देखिन्छन् । त्यसैगरी ५–९ वर्ष उमेर समूहका बालबालिकाको हिस्सा कुल जनसंख्यामा १४.७ प्रतिशत (बालक १५,७०१ र बालिका १५,३६९ )रहेका देखिन्छ । यो सवैभन्दा बढी जनसंख्या भएको उमेरसमूह रहेको छ । यसैगरी १०–१४ उमेर समूहमा रहेका बालबालिकाहरुको जनसंख्या १४.३ प्रतिशत रहेको छ भने यसपछि उमेरबृद्धि संगसंगै विभिन्न उमेर समूहका व्यक्तिहरुको प्रतिशत घट्दै गएको देखिन्छ । वि.स. २०६८ सालको जनगणनाअनुसार सबैभन्दा वढी जनसंख्या भएको उमेरसमूह ५–९ रहेको छ भने ६५ वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम १.२ प्रतिशत छ र संख्यात्मक हिसावले २,५७९ व्यक्तिहरु रहेका छन् ।

### १.२.४ डोटी जिल्लाको जनसंख्या पिरामिड (जनगणना २०६८ का अनुसार)




चित्र १: डोटी जिल्लाको जनसंख्या पिरामिड (जनगणना २०६८ का अनुसार)

बिकम सम्वत् २०६८ सालको जनगणनाले २०५८ देखि २०६८ सालसम्मको अवधिमा वार्षिक सालाखाला (Average annual expoential population growth rate ) जनसंख्या बृद्धिदर ०.२२ प्रतिशतले बृद्धि भएको देखाएको छ, जुन २०५८ को जनगणना अनुसार २.१४ % रहेको थियो । वि.सं. २०६८ सालको जनगणनाले महिला जनसंख्याको बार्षिक बृद्धिदर सालाखाला १ % ले बृद्धि भएको तर पुरुष जनसंख्याको बार्षिक बृद्धिदर -०.६% ले घटेको छ ।

### १.२.५ धर्म अनुसार जनसंख्या

वि.सं. २०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार डोटी जिल्लामा सबैभन्दा बढी हिन्दु धर्म मान्ने जनसंख्या ९९.०४ रहेको र सबैभन्दा कम किराँत धर्म १ जना मात्रै रहेको छ ।

**तालिका ५: धर्म अनुसार जनसंख्या**

| सि.नं. | धर्म | प्रतिशत | जम्मा संख्या |
|---|---|---|---|
| १ | हिन्दु | ९९.०४ | २,०९,७१० |
| २ | बौद्ध | ०.७५ | १,५९१ |
| ३ | क्रिस्चियन | ०.१३ | २७३ |
| ४ | इस्लाम | ०.०५ | ११६ |
| ५ | प्रकृती | ०.०० | १४ |
| ६ | बहाई | ०.०० | ६ |
| ७ | किराँत | ०.०० | १ |
| ८ | अन्य नखुलेको | ०.०१ | ३५ |

*श्रोत : राष्ट्रिय जनगणना २०६८*

### १.२.६ जातजाति अनुसारको जनसंख्याको वितरण

वि.सं. २०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार डोटी जिल्लामा सबैभन्दा बढी जनसंख्या क्षेत्री जातिको (५७.६७ ) प्रतिशत रहेको छ । त्यसैगरी कामी १२.१० प्रतिशत , ब्राहमण ८.०७ प्रतिशत दमाई ४.५५ प्रतिशत गरी दोस्रो , तेस्रो र चौथो स्थानमा जातीहरु रहेका छन् भने सवै भन्दा कम जनसंख्या हजाम र ठाकुरको ०.०३ प्रतिशत ( ५७ जना) रहेको छ ।

**तालिका ६: जातजाति अनुसारको जनसंख्याको वितरण**

| क्र. सं. | जातजाति | प्रतिशत |
|---|---|---|
| १ | क्षेत्री | ५७.६७ |
| २ | कामी | १२.१० |
| ३ | ब्राहमण | ८.०७ |
| ४ | दमाई | ४.५५ |

| | | |
|---|---|---|
| ५ | ठकुरी | ३.६३ |
| ६ | अन्य दलित | ३.४५ |
| ७ | मगर | ३.४१ |
| ८ | सार्की | २.३२ |
| ९ | बादी | १.४० |
| १० | लुहार | १.१२ |
| ११ | नेवार | ०.५४ |
| १२ | सन्यासी/दशनामी | ०.४९ |
| १२ | थारु | ०.१८ |
| १३ | कुमाल | ०.१८ |
| १४ | तराई अन्य | ०.१५ |
| १५ | तामाङ | ०.१४ |
| १६ | गुरुङ | ०.१२ |
| १७ | माझी | ०.०६ |
| १८ | मुसलमान | ०.०५ |
| १९ | राई | ०.०५ |
| २० | भोटे | ०.०५ |
| २१ | बंगाली | ०.०४ |
| २२ | वराहमा तराई | ०.०३ |
| २३ | हजाम/ठाकुर | ०.०३ |
| २४ | अन्य | ०.२० |

*स्रोत :जनगणना २०६८*

### १.२.७ मातृभाषाअनुसार जनसंख्याको वितरण

२०६८ सालको जनगणना अनुसार यस जिल्लामा ९० प्रतीशत भन्दा धेरै जनसंख्याले मातृभाषा डोटेली भाषा प्रयोग गर्ने गरेको देखाएको छ। यस जिल्लामा कुल २३ वटा भाषा मातृभाषाको रुपमा प्रयोग हुने गरेको छ जसमा सबै भन्दा बढी डोटेली भाषा बोल्नेको संख्या १,९०,६९१ ( ९०.०५ प्रतिशत )रहेको छ भने दोस्रोमा नेपाली भाषा बोल्नेको संख्या १५,६१८ (७.४ प्रतिशत ) रहेको छ । मुख्य मातृभाषा अनुसारको जनसंख्याको बिबरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७: मातृभाषाअनुसार जनसंख्याको वितरण**

| सि.नं. | मातृभाषा | प्रतिशत | जम्मा संख्या |
|---|---|---|---|
| १ | डोटेली | ९०.०५ | १,९०,६९१ |
| २ | नेपाली | ७.४० | १५,७१८ |
| ३ | मगर | ०.९८ | २,०८५ |
| ४ | खाम | ०.४० | ८९२ |
| ५ | बैतडेली | ०.१७ | ३८१ |
| ६ | थारु | ०.१५ | ३२५ |
| ७ | मैथिली | ०.१२ | २६४ |
| ८ | अछामी | ०.११ | २५० |

| | | | |
|---|---|---|---|
| ९ | बझांगी | ०.०७ | १६६ |
| १० | दार्चुलेली | ०.०५ | १२० |
| ११ | शेर्पा | ०.०५ | १११ |
| १२ | हिन्दी | ०.०५ | १११ |
| १३ | नेवारी | ०.०४ | ८७ |
| १४ | सांकेतिक भाषा | ०.०४ | ८४ |
| १५ | भोजपुरी | ०.०३ | ७१ |
| १६ | तामाङ | ०.०३ | ७१ |
| १७ | बाजुरेली | ०.०२ | ४४ |
| १८ | गुरुङ | ०.०२ | ३८ |
| १९ | उर्दू | ०.०१ | २० |
| २० | राई | ०.०१ | १९ |
| २१ | बंगाली | ०.०१ | १२ |
| २२ | अन्य | ०.०६ | ११८ |
| २३ | नखुलेको | ०.०३ | ६८ |

*श्रोत : राष्ट्रिय जनगणना २०६८*

### १.२.८ संघीय संरचना पश्चात् डोटी जिल्लामा स्थानीय निकायहरुको आधारमा जनसंख्याको वितरण र जनघनत्व

संघीय संरचना पश्चात् डोटी जिल्ला जनसंख्या र भूगोलका आधारमा ९ वटा स्थानीय तहहरुमा वर्गीकरण गरिएको छ । जसमध्ये दुई वटा नगरपालिका र ७ वटा गाउँपालिका रहेका छन् । नगरपालिका र गाउँपालिका गरी ९ वटै स्थानीय तहहरुमा जम्मा वडासंख्या ६५ रहेको छ। यी ९ वटै स्थानीय तहको जनसंख्या र जनघनत्वको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ८:: स्थानीय निकायहरुका आधारमा जनसंख्याको वितरण र जनघनत्व**

| क्र. सं. | स्थानीय तहको नाम | वडा संख्या | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) | जनघनत्व | प्रस्तावित केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | ९ | ३२९४१ | १६२.६२ | १६०.१५ | साविक दिपायल सिलगढी नगरपालिका |
| २ | शिखर नगरपालिका | ११ | ३१८०१ | ५८५.३७ | १११.४४ | साबिक पचनाली गाविसको कार्यालय |
| ३ | पूर्वीचौकी गाउँपालिका | ७ | २२४८३ | ११७.६६ | १९१.०८ | साबिक सानागाउँ गाविसको कार्यालय |
| ४ | बडी केदार | ५ | १६७२० | ३३२.५५ | ५०.२९ | साबिक बर्छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिका | | | | | गाविसको कार्यालय |
| ५ | जोरायल गाउँपालिका | ६ | २०८२४ | ४१९.०९ | ४९.६८ | साबिक सरस्वतीनगर गाविसको कार्यालय |
| ६ | सायल गाउँपालिका | ६ | १९५५१ | १२२.७२ | १५९ | साबिक डौड गाविसको कार्यालय |
| ७ | आदर्श गाउँपालिका | ७ | २३९४५ | १२८.४७ | १८६.३८ | साबिक कालिकास्थान गाविसको कार्यालय |
| ८ | के.आई.सिं गाउँपालिका | ७ | २०९०३ | १२७.०१ | १६४.५७ | साबिक दुर्गामाण्डौं गाविसको कार्यालय |
| ९ | वोगटान गाउँपालिका | ७ | १७९०२ | ३००.२२ | ५९.६ | साबिक चवराचौतरा गाविसको कार्यालय |
| | जम्मा | ६५ | २०७०७० | २२९६ | | |
| | संस्थागत जनसंख्या | | ४६७६ | | | |
| | जम्मा जनसंख्या | | २११७४६ | | | |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी,केन्द्रीय तथ्याङ्क विभाग २०६८*

उपरोक्त तालिकाअनुसार दिपायल सिलगढी नगपालिकाको जनसंख्या ३२,९४१ रहेको छ भने जनघनत्व १६०.१५ प्रति वर्ग कि.मी रहेको छ । त्यसैगरी शिखर नगपालिकाको कुल जनसंख्या ३१,८०१ र जनघनत्व १११.४४ प्रति वर्ग कि.मि. रहेको छ। वडा संख्या र क्षेत्रफलको हिसावले शिखर नगरपालिका ठुलो रहेको देखिन्छ भने जनसंख्याको हिसावले दिपायल सिलगढी नगरपालिका ठुलो रहेको छ त्यसैगरी जनसंख्याको हिसावले आदर्श गाउँपालिकामा सबैभन्दा वढी २३,९४५ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या भएको गाउँपालिका वडिकेदार १६,७२० रहेको देखिन्छ । यसरी नै सबैभन्दा वढी जनघनत्व पुर्वीचौकी गाउँपालिकाको १९१.०८ प्रतिवर्ग कि.मि. रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडीकेदार गाउँपालीका ५०.२९ प्रतिवर्ग कि .मि. रहेको छ । क्षेत्रफलको हिसावले सबैभन्दा ठुलो गाउँपालिका जोरायल गाउँपालिका ४१९.०९ वर्ग कि. मि. छ भने सबैभन्दा सानो पुर्बीचौकी गाउँपालिका ११७.६६ वर्ग कि.मी. रहेको छ ।

नक्सा १: स्थानीय तह अनुसार डोटी जिल्लाको नक्सा



## १.२.९ स्थानीय निकायहरुको विभिन्न वडाहरुको आधारमा जनसंख्याको वितरण

### १.२.९.१ दिपायल सिलगढी नगरपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

दिपायल सिलगढी नगरपालिकाको कूल जनसंख्या ३२,९४१ र क्षेत्रफल १२६.६२ वर्ग कि.मि. रहेको छ यस नगरपालिकामा परिवारको आकार ४.४२ र लैंगिक अनुपात ८३.६७ रहेको छ। यस नगरपालिकामा जम्मा वडाहरुको संख्या ९ वटा रहेका छन् । जनसंख्याको हिसावले सवै भन्दा बढी जनसंख्या भएको वडा ४ नं वडा हो। जहाँ ४,४०६ जनसंख्या र १,११८ घर परिवार संख्या रहेको छ भने सबै भन्दा कम जनसंख्या भएको वडा, ७ नं वडा हो जसको जनसंख्या ३,१९७ र घरपरिवार संख्या ६९९ रहेको देखिएको छ । दिपायल सिलगढी नगरपालिकामा १७,९३४ महिला र १५,००७ पुरुष गरि जम्मा ३२,९४१ जनसंख्या र ७,४४७ घरपरिवार संख्या रहेको छ।

**तालिका ९: दिपायल सिलगढी नगरपालिकाका वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल ( वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | |
| १ | दि.सि.न.पा | ११,१२ | २४५१ | १५२३ | ३९७४ | २०.१२ | ९०३ |
| २ | दि.सि.न.पा | १० | ९१७ | ७५२ | ३४६८ | ७.१४ | ३८१ |
| | खातिवडा गा.वि.स | ४,५,६ | १०७१ | ७२८ | | | ३८५ |
| ३ | दि.सि.न.पा | ८,९ | १८७४ | १४५० | ३३२४ | १०.८८ | ६९० |
| ४ | दि.सि.न.पा | ७ | २०३८ | २३६८ | ४४० ६ | ६.०२ | १११८ |
| ५ | दि.सि.न.पा | ४,५,६ | २०६२ | १५९५ | ३६५७ | ९.५३ | ८३४ |
| ६ | दि.सि.न.पा | १,२,३ | १६०८ | १८९१ | ३४९९ | ५.०४ | ९४० |
| ७ | दि.सि.न.पा | १२,१४ | १६९२ | ११९५ | ३१९७ | २५.८४ | ६२७ |
| | लडागडा गा.वि.स | ३ | १७९ | १३१ | | | ७२ |
| ८ | लडागडा गा.वि.स | १,२,४, ५,६,७, ८,९, | २१४५ | १७१४ | ३८५९ | २४.८० | ७९९ |
| ९ | कलेना गा.वि.स | १-९ | १४६६ | १२६३ | ३५५७ | २१.०४ | ५४२ |
| | बगलेक गा.वि.स | ८,९ | ४३१ | ३९७ | | | १५६ |
| | जम्मा | | १७९३ ४ | १५०० ७ | ३२९४ १ | १२६.६२ | ७४४७ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.२ शिखर नगरपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

शिखर नगरपालिकाको क्षेत्रफल २८५.३७ वर्ग कि. मि. रहेको छ यस नगरपालिको कूल जनसंख्या ३१,८०१ रहेको छ । यस नगरपालिकामा परिवारको आकार ४.७७ र लैंगिक अनुपात ५३.०१ रहेको छ । शिखर नगरपालिकामा जम्मा वडाहरुको संख्या ११ वटा रहेका छन् । जनसंख्याको हिसावले सवै भन्दा बढी जनसंख्या भएको वडा, १० नं वडा हो । जहाँ ४,८९५ जनसंख्या र १,०३७ घरपरिवार संख्या रहेको छ भने सवै भन्दा कम जनसंख्या भएको वडा, वडा नं ३ हो । जसको जनसंख्या १,८९३ र घरपरिवार संख्या ३६६ रहेको देखिएको छ । शिखर नगरपालिकामा १८,३८१ महिला जनसंख्या र १३,४२० पुरुष जनसंख्या गरी ३१,८०१ कूल जनसंख्या र ६,६६५ जम्मा घरपरिवार संख्या रहेको छ ।

तालिका १०: **शिखर नगरपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | |
| १ | कपल्लेकी गा.वि.स | १–९ | २२१२ | १६३३ | ३८४५ | ३७.६७ | ७५३ |
| | मुडेगाउँ गा.वि.स | १–७ | १३६३ | १००४ | २८३६ | ३५.८६ | ४६२ |
| ३ | मुडभरा गा.वि.स | २,९ | १११३ | ७८० | १८९३ | १०.०० | ३६६ |
| ४ | मुडभरा गा.वि.स | १,३,४,५,६, ७,८ | १६१७ | १२४८ | २८६५ | ४४.१९ | ६०४ |
| ५ | तिजाली गा.वि.स | १–९ | १२०४ | ९३० | २१३४ | २८.६० | ४४१ |
| ६ | पचनाली गा.वि.स | १–९ | १७९८ | १२०३ | ३००१ | १७.४३ | ६४७ |
| ७ | लाटामाण्डौं गा.वि.स | १–७ | १५२० | ११५३ | २६७३ | २६.८९ | ५८४ |
| ८ | लाटामाण्डौं गा.वि.स | ८,९ | १३४४ | १०११ | २३५५ | ११.६३ | ५२० |
| ९ | जिजोडामाण्डौं गा.वि.स | १–९ | १११३ | ८४० | १९५३ | २३.६३ | ३९३ |
| १० | बनलेक गा.वि.स | १–९ | २८७५ | २०२० | ४८९५ | १७.३६ | १०३७ |
| ११ | बारपाटा गा.वि.स | १–९ | २२२२ | १५९८ | ३८२० | ३२.१३ | ८५८ |
| | जम्मा | | १८३८१ | १३४२० | ३१८०१ | २८५.३७ | ६६६५ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.३ आदर्श गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

आदर्श गाउँपालिकाको कुल जनसंख्या २३,९४५ र क्षेत्रफल १२८.४७ वर्ग .कि.मी रहेको छ यस गाउँपालिकामा १३,७८२ महिलाको जनसंख्या र १०,१६३ पुरुषको जनसंख्या रहेको छ यस गाउँपालिकामा जम्मा परिवार संख्या ४,७४७ रहेको छ भने परिवारको आकार ५.०४ रहेको छ । यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् । जनसंख्याको हिसाबले सबैभन्दा बढी जनसंख्या भएको वडा, २ नं वडा हो जहाँको जनसंख्या ४,१६५ र ९१४ घरपरिवार संख्या रहेको छ, त्यसैगरी सबैभन्दा कम जनसंख्या रहेको वडा नं ७ रहेको छ, वडा नं ७ मा १,८२० जनसंख्या र ३५६ घरपरिवार संख्या रहेको छ ।

**तालिका ११: आदर्श गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | |
| १ | बाभ्कककानी गा.वि.स | १-९ | २४२२ | १७४० | ४१६२ | १७.२ | ७९८ |
| २ | कालिकास्थान गा.वि.स | १,२,३,४,७,८,९ | ११४४ | १८२१ | ४१६५ | १८४३ | ९१४ |
| ३ | कालिकास्थान गा.वि.स | ५,६ | ४४२ | ३१४ | ३०४२ | २०.५२ | १५३ |
| | दहकालिकास्थान गा.वि.स | १,२ | २९६ | २५८ | | | ९१ |
| | महादेवस्थान गा.वि.स | ६,७,८,९ | ८७८ | ६५४ | | | ३०३ |
| ४ | महादेवस्थान गा.वि.स | १-५ | १४०९ | १०१३ | ३१०७ | १३.१७ | ४९५ |
| | लामिखाल | ३,९ | ४२१ | २६४ | | | १५१ |
| ५ | लामिखाल गा.वि.स | १,२,४,५,६,७,८ | २०३१ | १५७८ | ३६०९ | २४.९५ | ७०२ |
| ६ | गिरिचौका गा.वि.स | १-९ | २२७८ | १७६२ | ४०४० | २६.६५ | ७८४ |
| ७ | दहकालिकास्था गा.वि.स | ३-९ | १०६१ | ७५९ | १८२० | ७.५५ | ३५६ |
| | जम्मा | | १३७८२ | १०१६३ | २३९४५ | १२८.४७ | ४७४७ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.४ वोगटान गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

वोगटान गाउँपालिकाको कूल जनसंख्या १७,९०२ रहेको छ जस मध्ये ९,४२२ महिला र ८,४८० पुरुष जनसंख्या रहेको छ भने ३,१३० जम्मा परिवार संख्या रहेका छन् यस गाउँपालिकाको परिवारको आकार ५.७२ र लैंगिक अनुपात ९० रहेको छ। यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन्। जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या भएको वडा नं १ हो जहाँको जनसंख्या ३,१७२ र परिवार संख्या ५१४ रहेको छ भने सबैभन्दा कम जनसंख्या भएको वडा नं २ मा १,८३९ जनसंख्या रहेको छ।

**तालिका १२: बोगटान गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | |
| १ | सिमचौर गा.वि.स | १,९ | १६०० | १५७२ | ३१७२ | ५१.२० | ५१४ |
| २ | केदारअखडा गा.वि.स | १,९ | ९६८ | ८७१ | १८३९ | ३१.९५ | ९९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कानाचौर गा.वि.स | १,९ | १११४ | ९७२ | २०८६ | ७०.६८ | ३७४ |
| ४ | सातफरी गा.वि.स | १,९ | १५३७ | १४२४ | २९६१ | २७९४ | ५१६ |
| ५ | धिर्कामाण्डौं गा.वि.स | १,९ | ९९१ | ८९९ | १८९० | ३८.८७ | ३२४ |
| ६ | गगुडा गा.वि.स | १,९ | १६५७ | १४०१ | ३०५८ | २७.१२ | ५८४ |
| ७ | चवराचौतारा गा.वि.स | १,९ | १५५५ | १३४१ | २८९६ | ५२.४६ | ५२६ |
| | जम्मा | | **९४२२** | **८४८०** | १७९०२ | ३००.२२ | **३१३०** |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.५ के.आई.सिं. गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

के. आई.सिं. गाउँपालिकाको क्षेत्रफल १२७.०१ वर्ग.कि.मी रहेको छ यस गाउँपालिकाको कूल जनसंख्या २०,९०३ रहेको छ जसमध्ये ११,९१० महिला र ८,९९३ पुरुष जनसंख्या रहेको छ यस गाउँपालिकामा लैंगिक अनुपात ७५.५१ र परिवारको आकार ४.९१ रहेको छ यस गाउँपालिकामा जम्मा वडा संख्या ७ वटा रहेका छन् जनसंख्याको हिसाबले सवै भन्दा ठूलो वडा, ४ नं वडा हो जहाँ ३,९४२ जनसंख्या रहेको छ भने ५५८ जम्मा परिवार संख्या रहेको छ त्यसैगरी जनसंख्याको भएका हिसावले सवैभन्दा कम जनसंख्या  ७ नं वडा रहेको छ जहाँ २,३२५ जनसंख्या र ४२१ जम्मा परिवार संख्या रहेको छ ।

**तालिका १३: के.आई.सिं. गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | | |
| १ | तिखातर गा.वि.स | १–४ | १५११ | ११३३ | २६४४ | १८.६२ | ५४३ |
| २ | तिखातर गा.वि.स | ५–९ | १८५८ | १३६८ | ३२२६ | १३.७७ | ६४५ |
| ३ | बासुदेवी गा.वि.स | १–९ | १९३४ | १४१० | ३३४४ | १३.९१ | ७०६ |
| ४ | दुर्गामाण्डौं गा.वि.स | १–९ | २२७७ | १६६५ | ३९४२ | २८.२५ | ५५८ |
| ५ | रानागाउँ गा.वि.स | १–९ | १७१८ | ११७२ | २८९० | १४.०७ | ५९६ |
| ६ | भूमिराजमाण्डौं गा.वि.स | १,२,८,९ | १३६९ | ११६३ | २५३२ | ३०.७३ | ४९० |
| ७ | भूमिराजमाण्डौं गा.वि.स | ३–७ | १२४३ | १०८२ | २३२५ | ७.६५ | ४२१ |
| | जम्मा | | ११९१० | ८९९३ | २०९०३ | १२७.०१ | ४२५९ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.६  सायल गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

सायल गाउँपालिकाको कूल जनसंख्या १९,५५१ रहेको छ जसमध्ये महिला १०,६९२ र पुरुष ८,८५९ को जनसंख्या रहेको छ यस गाउँपालिको क्षेत्रफल १२२.७२ वर्ग कि. मि. र ३,८०८ जम्मा परिवार संख्या रहेको छ यस गाउँपालिकाको परिवारको आकार ५.१८ र लैंगिक अनुपात ८२.८६ रहेको छ । यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन् । जनसंख्याको हिसावले सवैभन्दा ठुलो वडा ४ रहेको छ जहाँ ३,९४२ जनसंख्या र ६२१ परिवार संख्या रहेको छ । त्यसैगरी जनसंख्याको हिसावले सानो वडा ६ नं वडा रहेको छ जहाँ २,५३२ जनसंख्या र ८२२ परिवार संख्या रहेको देखिन्छ ।

**तालिका १४: सायल गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | | |
| १ | छपाली गा.वि.स | १–९ | १८२२ | १४२२ | २६४४ | १८.६२ | ६२३ |
| २ | तोलेनी गा.वि.स | १–४ | १४३८ | १३३८ | ३२२६ | १३.७७ | ५१८ |
| ३ | तोलेनी गा.वि.स | ५–९ | १८२० | १५८१ | ३३४४ | १३.९१ | ६३६ |
| ४ | डौड गा.वि.स | १–५ | १७७६ | १४९३ | ३९४२ | २८.२५ | ६२१ |
| ५ | डौड गा.वि.स | ६–९ | १६३२ | १२१६ | २८९० | १४.०७ | ५५२ |
| ६ | खातिवडा गा.वि.स | १,२,३,७,८,९ | २२०४ | १८०९ | २५३२ | ३०.७३ | ८२२ |
| | जम्मा | | १०६९२ | ८८५९ | १९५५१ | १२२.७२ | **३७७२** |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

## १.२.९.७ जोरायल गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

जोरायल गाउँपालिकाको कूल जनसंख्या २०,८२४ रहेको छ जसमध्ये महिला १०,६६८ र पुरुष १०,१५६को जनसंख्या रहेको छ यस गाउँपालिको क्षेत्रफल ४१९.०९ वर्ग कि. मि. र ३,८०८ जम्मा परिवार संख्या रहेको छ यस गाउँपालिकाको परिवारको आकार ५.४७ र लैंगिक अनुपात ९२.२ रहेको छ । यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु हरेका छन् । जनसंख्याको हिसावले सवैभन्दा ठुलो वडा २ नं वडा रहेको छ जहाँ ४,००१ जनसंख्या र ७४२ परिवार संख्या रहेको छ, त्यसैगरी जनसंख्याको हिसावले सानो वडा १ नं वडा हरेको छ जहाँ २,७३६ जनसंख्या र ५०७ परिवार संख्या रहेको देखिन्छ ।

**तालिका १५: जोरायल गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | | |
| १ | घण्टेश्वर गा.वि.स | १–९ | १३९८ | १३३८ | २७३६ | ३९.७५ | ५०७ |
| २ | छतिवन गा.वि.स | १–९ | २००९ | १९९२ | ४००१ | ४७.६३ | ७४२ |
| ३ | सरस्वतीनगर | १–९ | १६८० | १५४९ | ३२२९ | ८७.९८ | ५८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गा.वि.स | | | | | | |
| ४ | लक्ष्मीनगर गा.वि.स | १-९ | २४८८ | २३५८ | ४८४६ | ८६.८९ | ९११ |
| ५ | गडसेरा गा.वि.स | १-९ | १५६३ | १४१२ | २९७५ | ९४.५२ | ५३८ |
| ६ | निरौली गा.वि.स | १-९ | १५३० | १५०७ | ३०३७ | ६२.३१ | ५२८ |
| | जम्मा | | १०६६८ | १०१५६ | २०८२४ | ४१९.०९ | ३८०८ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.८ बडीकेदार गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

बडीकेदार गाउँपालिकाको कूल जनसंख्या १६,७२० रहेको छ जसमध्ये ८,५२४ महिला र ८,१९६ पुरुष जनसंख्या रहेको छ यस गाउँपालिको क्षेत्रफल ३३२.५५ वर्ग कि. मि. र २,७१९ जम्मा परिवार संख्या रहेको छ यस गाउँपालिकाको परिवारको आकार ६.१५ र लैंगिक अनुपात ९६.१५ रहेको छ यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरु हरेका छन् जनसंख्याको हिसावले सवैभन्दा ठुलो वडा ३ नं वडा रहेको छ जहाँ ३,९८० जनसंख्या र ६७५ परिवार संख्या रहेको छ । त्यसैगरी जनसंख्याको हिसावले सानो वडा २ नं वडा हरेको छ, जहाँ २,७८५ जनसंख्या र ४२९परिवार संख्या रहेको देखिन्छ ।

**तालिका १६: बडीकेदार गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | | |
| १ | बर्छैन गा.वि.स | १,५,६,७,९ | १५४१ | १४१७ | २९५८ | ५४.९२ | ५२१ |
| २ | बर्छैन गा.वि.स | २,३,४,८ | १३७६ | १४०९ | २७८५ | ५९.७८ | ४२९ |
| ३ | घाँगल गा.वि.स | १-९ | २०२८ | १९५२ | ३९८० | ८०.८४ | ६७५ |
| ४ | मान्नाकापडी गा.वि.स | १-९ | १७९३ | १७१३ | ३५०६ | ८५.३१ | ५२८ |
| ५ | लानाकेदारेश्वर गा.वि.स | १-९ | १७८६ | १७०५ | ३४९१ | ५१.७१ | ५६६ |
| | जम्मा | | ८५२४ | ८१९६ | १६७२० | ३३२.५५ | २७१९ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी, र केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.९.९ पुर्बीचौकी गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण

पुर्बीचौकी गाउँपालिकाको कुल जनसंख्या २२,४८३ र क्षेत्रफल ११७.६६ वर्ग .कि.मी रहेको छ यस गाउँपालिकामा १२,७७९ महिलाको जनसंख्या र ९,७०४ पुरुषको जनसंख्या रहेको छ । यस गाउँपालिकामा जम्मा परिवार संख्या ४०,८३६ रहेको छ भने परिवारको आकार ४.६५ रहेको र लैंगिक

अनुपात ७५.९४ रहेको छ । यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन्। जनसंख्याको हिसाबले सबै भन्दा बढी जनसंख्या भएको वडा, ६ नं वडा हो जहाँको जनसंख्या ४,२५२ र ८७२ घरपरिवार संख्या रहेको छ त्यसैगरि कम सवैभन्दा कम जनसंख्या रहेको वडा नं ५ रहेको छ जहाँको जनसंख्या २,३९० जनसंख्या र ५०४ घरपरिवार संख्या रहेको छ ।

**तालिका १७: पुर्बीचौकी गाउँपालिकाको वडाहरुको आधारमा जनसंख्याको वितरण**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा हरु | साबिक वडा नं. | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | | |
| १ | खिरसैन गा.वि.स | १-९ | १६४३ | ११९३ | ३३७३ | १२.१३ | ६३० |
| २ | बगलेक गा.वि.स | १-७ | १८८० | १४९३ | २८३६ | २०.६९ | ६८७ |
| ३ | घाँगल गा.वि.स | १-९ | १९४६ | १४३१ | ३३७७ | १८.९९ | ७२५ |
| ४ | गैरागाउँ गा.वि.स | १-९ | १३८२ | १०८५ | ३७८८ | ८.२२ | ५५८ |
| ५ | सानागाउँ गा.वि.स | १-९ | २२०४ | १५८४ | २४६७ | १८.६७ | ८६० |
| ६ | काडामाण्डौं गा.वि.स | १-९ | १३५० | १०४० | २३९० | १२.६१ | ५०४ |
| ७ | पोखरी गा.वि.स | १-९ | २३७४ | १८७८ | ४२५२ | २६.३४ | ८७२ |
| | जम्मा | | १२७७९ | ९७०४ | २२४८३ | ११७.६६ | ४८३६ |

*स्रोत : जिल्ला निर्वाचन कार्यालय,डोटी २०७४,जनगणना २०६८,CBS*

## १.२.१० डोटी जिल्लाको वैवाहिक अवस्था

जनगणना २०६८ अनुसार यस जिल्लामा वैवाहिक अवस्थाको अध्ययन गर्दा अविवाहित जनसंख्या ३५.८ प्रतिशत, एकल विवाह गर्ने को संख्या ५५.२३ प्रतिशत , बहुविवाह गर्नेको संख्या १.२६ प्रतिशत , पुर्न विवाह गर्ने २.१६ प्रतिशत, विदुर–विद्युवाको संख्या ५.३४ प्रतिशत , पारपाचुँके गर्नेको संख्या ०.०४ प्रतिशत र छुट्टीएर वसेका व्यक्तिको संख्या ०.१३ प्रतिशत रहेको देखिन्छ ।

**तालिका १८: डोटी जिल्लाको वैवाहिक अवस्था**

| वैवाहिक अवस्था | जम्मा | पुरुष | महिला | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| अविवाहित | ५३७३५ | २७९२५ | २५८१० | ३५.८ |
| एकल विवाह | ८२८८३ | ३३४४६ | ४९४३७ | ५५.२३ |
| बहुविवाह | १८८७ | १५७६ | ३११ | १.२६ |
| पुर्नविवाह | ३२५३ | १८७९ | १३७४ | २.१६ |

| | | | | |
|---|---|---|---|---|
| विधुर:विधुवा | ८०१८ | १०५९ | ६९५९ | ५.३४ |
| पारपाचुँके | १०१ | ३७ | ६४ | ०.०४ |
| छुट्टिएर बसेका | १९७ | ५० | १४७ | ०.१३ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८।*

## १.२.११ पहिलो विवाह गर्दाको औसत उमेर

**तालिका १९: पहिलो विवाह गर्दाको औसत उमेर**

| जनगणना | दशभन्दा मुनि | १०–१४ | १५–१९ | २०–२४ | २५–२९ | ३०–३४ | ३५–३९ | ४०–४४ | ४५-४९ | ५०+ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २००१ | ६६ | ८४९२ | ४८१२५ | ३३७५० | ९१७० | १५०९ | ४८० | ल्ब | ल्ब | १४ |
| २०११ | १०५० | १३३०२ | ५०७१९ | २४५८६ | ५२३२ | १०२७ | २७० | ११९ | २४ | १० |

स्रोत : *केन्द्रीय तथ्याङ्क विभाग २०६८*

पहिलो विवाह गर्दाको औसत उमेरलाई विश्लेषण गर्दा सन् २००१ मा औसत सबैभन्दा बढी पहिलो विवाह गर्ने को संख्या १५ देखि १९ उमेर समूहमा देखिन्छ भने सबैभन्दा कम संख्या ५० भन्दा बढी उमेर भएका व्यक्तिहरु रहेका छन् र १० वर्ष भन्दा कम उमेरमा पहिलो विवाह गर्नेको संख्या ६६ रहेको छ । त्यसैगरी सन् २०११ को जनगणना अनुसार पनि औसत पहिलो विवाह गर्ने उमेर समूह १५ देखि १९ नै रहेको छ भने पहिलो विवाह गर्ने ५० वर्ष उमेर भन्दा माथिको जनसंख्या १० जना रहेको देखिन्छ र १० वर्ष भन्दा कम उमेरमा पहिलो विवाह गर्ने संख्या सन् २००१ भन्दा सन् २०११ मा बढेर १०५० पुगेको देखिन्छ। यसैगरी सन् २०११ को जनगणना अनुसार औसत पहिलो विवाह गर्दाखेरिको उमेर १८ वर्ष रहेको छ जसमा महिलाको पहिलो विवाह गर्दाखेरिको उमेर १७ वर्ष र पुरुषको १९ वर्ष रहेको देखिन्छ।

## १.२.१२ आश्रित जनसंख्या

सन् २०११को जनगणना अनुसार डोटी जिल्लाको बाल आश्रित जनसंख्या ९१,८९५(४३.३९प्रतिशत) रहेको छ। वृद्ध आश्रित जनसंख्या १६,०७० (७.५८ प्रतिशत ) रहेको छ। कूल आश्रित जनसंख्या लगभग ५१ प्रतिशत रहेको देखिएको छ । त्यसैगरी प्रक्षेपित जनसंख्याको आधारमा बालआश्रित जनसंख्या ४४.२८ र वृद्धआश्रित जनसंख्या ८.३८ प्रतिशत रहेको छ । प्रक्षेपित कुल आश्रित जनसंख्या ५२.६७ प्रतिशत रहने पूर्वानुमान गरिएको छ।

**तालिका २०: आश्रित जनसंख्या**

| जनगणना | बालआश्रित | | वृद्धआश्रित | | कुल आश्रित | |
|---|---|---|---|---|---|---|
| | १०–१४ वर्ष | प्रतिशत | ६०+ | प्रतिशत | संख्या | प्रतिशत |
| २०११ | ९१८९५ | ४३.३९ | १६०७० | ७.५८ | १०७९६५ | ५०.९८ |
| २०१५ | ९४७९९ | ४४.२८ | १७९५२ | ८.३८ | ११२७५० | ५२.६७ |

स्रोत : *केन्द्रीय तथ्याङ्क विभाग २०६८*

## १.२.१३ असशक्तताका प्रकार

तलको तालिकाको आधारमा सन् २००१ को तुलनामा सन् २०११ मा डोटी जिल्लामा अशक्त जनसंख्या वृद्धि भएको देखिएको छ । सन् २०११ मा शक्त जनसंख्या ९६.५६ प्रतिशत जनसंख्या रहेको छ भने अशक्त जनसंख्या ३.४४ प्रतिशत रहेको छ । सन् २०११ को जनगणनाबाट प्राप्त तथ्यांक को आधारमा सबभन्दा बढी अशक्तता भएको जनसंख्या शारीरिक अशक्तता रहेको छ । जसको प्रतिशत १.२५ ( २,६४२) छ भने सबैभन्दा कम प्रतिशत जनसंख्या बौद्धिक अशक्त १३६ ( ०.०६ प्रतिशत ) रहेको देखिन्छ ।

**तालिका २१: असशक्तताका प्रकार**


| जनगणना | अशक्त नभएका | शारिरिक अशक्त | अन्धा र देख्न नसक्ने | बहिरा र सुन्न नसक्ने | बहिरा र अन्धा | बोल्नमा ससमस्या भएका | मानसिस सक विमारी भएका |
|---|---|---|---|---|---|---|---|
| २००१ | २०६,३१९ | ३१५ | १४२ | १५३ | ल.ब | लब | ६७ |
| २०११ | २०४,४४४ | २,६४२ | १,७२२ | १,३९६ | १२४ | ६२१ | २२९ |
| % | ९९.५५ | १.२५ | ०.८१ | ०.६६ | ०.०६ | ०.२९ | ०.११ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८*

### १.२.१४आर्थिक हिसाबले सक्रिय जनसंख्या

आर्थिक दृष्टिले सक्रिय हुन सक्ने १० वर्ष वा सो भन्दा माथिको जनसंख्या १,४५,६५० रहेको छ । जसमध्ये ९३,३०१ ( ६४ प्रतिशत ) जनसंख्या सक्रिय जनसंख्या रहेको छ भने ५१,५६२ (३५ प्रतिशत ) निस्क्रिय जनसंख्या रहेको छ ।

**चित्र २: आर्थिक हिसाबले सक्रिय जनसंख्या**




### १.२.१५ व्यक्तिगत घटना दर्ता

डोटी जिल्लाको व्यक्तिगत घटना दर्ताप्रणालीलाई अध्ययन गर्दा जिल्ला विकास समितिको कार्यालय डोटीको रेकर्ड अनुसार आर्थिक वर्ष २०७०, ०७१ र ०७२ सालको तथ्यांकको विश्लेषण गर्दा सबैभन्दा बढी जन्मदर्ता संख्या ( ११,०४१) आ.व २०७१ सालमा दर्ता भएको देखिन्छ भने सबैभन्दा कम जन्मदर्ता संख्या ८,२८२ आ.व २०७० सालमा दर्ता भएको दखिन्छ । त्यसै गरी मृत्यु दर्ता २०७० सालमा ७५५ र २०७२ सालमा ९२५ भएको पाइएको छ भने आ.व २०७१ सालमा ६६४ जनाले मात्र मृत्युदर्ता मात्र गराएको देखिएको छ । आ.व २०७० , ०७१ र ०७२ को तथ्यांक अनुसार डोटी जिल्लाबाट १,०८३ जनसंख्या बाहिरिएको र ७९४ जना जिल्लामा भित्रिएको देखिएको छ । सम्वन्धविच्छेदको सन्दर्भमा २०७१ , ०७२ सालमा एक एक गरी जम्मा २ जनाको मात्र दर्ता गरिएको छ भने तीन आर्थिक वर्षमा विवाहदर्ता गर्नेको संख्या ५,२०३ रहेको देखिन्छ ।

**तालिका २२: व्यक्तिगत घटना दर्ता**

| वर्ष | जन्म दर्ता | | | मृत्यु दर्ता | | | बसाइसराई | | सम्वन्ध विच्छेद | विवाह दर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | गएका | आएका | | |
| २०७० | ५४११ | ४८७१ | ८२८२ | १६९ | ५८६ | ७५५ | २२२८ | २५६ | ० | २७६८ |
| २०७१ | ५१०७ | ५९३४ | ११०४१ | १७१ | ४९३ | ६६४ | ६३५० | ३५५ | १ | १००२ |
| २०७२ | ४७६० | ५५५४ | १०३१४ | २५२ | ६७३ | ९२५ | १५०५ | १८३ | १ | १४३३ |

*स्रोत : जिल्ला विकास समितिको कार्यालय,डोटी ।*

### १.२.१६ बसाइसराइ

बसाइसराइको यथार्थ विवरण नभएपनि जिल्लाबाहिर बसाइसराइ गर्ने र बाहिरवाट यस जिल्लामा बसाइ सरी आउने क्रम रहेको देखिन्छ । वाहिरबाट जिल्लामा भित्रिने संख्या भन्दा जिल्लाबाट बाहिरिनेको संख्या तुलनात्मक रुपमा निकै बढी भएको पाइएको छ । जिल्ला विकास समितिको कार्यलय डोटीका

अनुसार आ.व २०७० सालमा डोटी जिल्लाबाट बाहिरिनेको संख्या २,२२८ रहेको थियो भने जिल्लामा भित्रिने संख्या २५६ मात्र रहेको छ । त्यसै गरी आ.ब २०७१ सालमा जिल्लामा भित्रिने संख्या ३५५ र जिल्लावाट बाहिरीने संख्या ६,३५० र आ.व २०७२ मा जिल्ला भित्र भित्रिने संख्या १८३ र बाहिरिने संख्या १,५०५ भएको देखिन्छ । यो तथ्यांकलाई अध्ययन गर्दा तीन आ.व भित्र जिल्ला भित्रबाट वाहिरिने जनसंख्या १०,०८३ रहेको छ भने जिल्लामा भित्रिने जनसंख्या जम्मा ७९४ मात्र रहेको छ यो तथ्यांकवाट डोटी जिल्लामा बाह्य बसाइसराइ दर बढी रहेको पुष्टि गर्न सकिन्छ । त्यसैगरी जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ०.२२ प्रतिशत रहनु र अघिल्लो जनगणना वर्षको तुलनामा जनसंख्या वृद्धिदर निकै कम हुनुले पनि यस जिल्लामा बाह्य बसाइसराइकर्ताको संख्या बढी छ भन्न सकिन्छ । खास गरी यस जिल्लाबाट बढीजसो बसाइसराइ गरेर जाने ठाउँ भनेको कैलाली जिल्ला रहेको छ । त्यसै गरी काठमाडौं, बाँके ,बर्दिया र कञ्चनपुर जिल्लामा बसाइसराइ जाने क्रम बढिरहेको पाइएको छ ।

### १.२.१७ सारांश

डोटी जिल्ला प्रदेश नं ७ अर्न्तगत पर्ने पहाडी जिल्ला हो । जसको क्षेत्रफल २०२५ वर्ग .कि.मी. रहेको छ । यस जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी ९ वटा स्थानीय निकायहरु रहेका छन् । यस जिल्लाको ८०.२ प्रतिशत जनता कृषि सेवामा आश्रित छन् भने साक्षरता प्रतिशत ५६.४ प्रतिशत रहेको छ । वि.स २०६८ सालको जनगणना अनुसार डोटी जिल्लाको जनसंख्या २,११,७४६ रहेको छ जसमा पुरुषको संख्या ९७,२५२ र महिलाको संख्या १,१४,४९४ रहेको छ जनघनत्व १०५ प्रति वर्ग कि.मी. रहेको छ । यस जिल्लाको लिंग अनुपात ८४.९४ र जनसंख्याको वार्षिक वृद्धिदर ०.२२ प्रतिशत रहेको छ । यस जिल्लामा जम्मा घरपरिवार संख्या ४१,४४० रहेको छ भने परिवारको औसत आकार ५.११ रहेको देखिन्छ डोटी जिल्लामा औसत पहिलो विवाह गर्दाको उमेर १८ वर्ष रहेको छ जसमा १७ वर्ष महिला को र १९ वर्ष पुरुषको पहिलो विवाह गर्दाखेरिको उमेर रहेको छ । यस जिल्लावाट बसाइसराइ गरी जाने जनसंख्या बढी भएकोले जनसंख्याको वार्षिक वृद्धिदर घट्दो क्रममा रहेको छ । जुन ०.२२ प्रतिशत रहेको छ । यदि यही अनुपातमा जनसंख्या वृद्धि भइरहेमा डोटी जिल्लाको जनसंख्या दोब्बर हुन लाग्ने समय ३१८ वर्ष हुन आउँछ । जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या आदर्श गाउँपालिका रहेको छ भने कम जनसंख्या भएको गाउँपालिका बडिकेदार गाउँपालिका रहेको छ । त्यसैगरी नगरपालिकाको हिसावले दि.सि .न.पा जनसंख्याको हिसावले ठुलो नगरपालिका हो । धर्मको हिसावले सबैभन्दा बढी हिन्दुधर्म मान्ने मानिसहरु ९९.०४ छन् भने भाषाका हिसावले सबैभन्दा बढी जनसंख्या डोटेली भाषा बोल्नेहरुको ९०.०५ प्रतिशत रहेको छ । उमेर समूहको आधारमा सवैभन्दा बढी जनसंख्या ५ देखि ९ वर्ष उमेर समूहको जनसंख्या १.२ प्रतिशत रहेको देखिन्छ भने ७० वर्ष भन्दा माथिको जनसंख्या ७.६ प्रतिशत रहेको छ यसैगरी डोटी जिल्लामा ३.४४ प्रतिशत अपागंता भएको जनसंख्या रहेको छ ।

### सन्दर्भ सामग्रीः


१. थापा,नवराज,२०७२,नेपालको जनसंख्या, काठमाण्डौं विद्यार्थी पुस्तक भण्डार ।

२. आ.व. २०७३/०७४ को वार्षिक योजना कार्यक्रम, जि.वि.स, डोटी ।

३. जिल्ला निर्वाचन कार्यालय, डोटी ।

४. जिल्ला वन कार्यालय, डोटी ।

५. जिल्ला तथ्याङ्क कार्यालय, राजपुर दिपायल, डोटी ।
६. जिल्ला जनसंख्या पार्श्वचित्र २०७२/०७३ ।
७. केन्द्रीय तथ्यांक विभाग, थापाथली, काठमाडौं ।
८. जिल्ला विकास कार्यालय, डोटी ।